# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदूरपश्चिमम प्रदेश, नेपाल

प.स. : ०७९/०८०
च.न. :

जडीवुटी प्रशोधन केन्द्र ठेक्का सम्वन्धि शिलवन्दी आशय पत्र आव्हानको सुचना
प्रथम पटक प्रकाशित मिती २०७९।८।०९ गते

यस धनगढी उप-महानगरपालीकाको स्वामीत्वमा रहेको वा.न.१५ स्थित जडीवुटी प्रशोधन केन्द्र संचालनका लागी ईच्छुक व्यक्ति (नेपाली नागरीक) संघ संस्थाहरुवाट देहायको शर्त भित्रको अधिनमा रही १५ दिन भित्र शिलवन्दी आशय पत्र पेश गर्न हुन सम्वन्धित सवैको जानकारीका लागी यो सुचना प्रकाशित गरीएको छ ।

**शर्तहरु:**

१. आशय पत्र साथ ठेक्का लिन ईच्छुक फर्म । संघ । संस्थाको हकमा नेपाली नागरीकता प्रमाणपत्रको प्रतिलिपी र संघ संस्थाको हकमा दर्ता प्रमाणपत्र,नविकरण पत्र,कर चुक्ता प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

२.आशयपत्र सम्वन्धि Tor दस्तुर रु.३००।- (तिन सय मात्र) तिरी फाराम लिन सकिने छ । र सो रकम फिर्ता हुने छैन ।

३. जडीवुटी प्रशोधन केन्द्रको न्युनतम वार्षिक ठेक्का रकम ईच्छुक व्यक्ति । संघ । संस्थाले आशयपत्रमा उल्लेख गरे वमोजिम हुनेछ ।

४. ठेक्का कार्य पांच वर्ष कायम रहनेछ ।

५.आशयपत्र प्रस्ताव यस उप-महानगरपालीकाको राजश्व शाखावाट प्रथम पटक सुचना प्रकाशित मिती वाट १५ दिन भित्र कार्यालय समयमा खरीद गर्न सकिने छ ।

६. आशय पत्र खरीद गर्नु पर्ने अन्तिम मिती २०७९।०८।२३ गते कार्यालय समय भित्र खरीद गरी सक्नु पर्नेछ ।

७.आशय पत्र दर्ता गर्नु पर्ने अन्तिम मिती २०७९।०८।२४ गते दिउसो १२.०० वजे भित्र रहनेछ । र सो आशय पत्र सोही दिनको दिउसो २.०० खोलीने भएको हुदा आशयपत्र दाता वा निजले तोकेको व्यक्ति उपस्थित हुन पर्नेछ । साथै उपस्थित नभएमा पनि आशयपत्र खोल्न वाधा पर्ने छैन । र उक्त दिन सार्वजनिक विदा भएमा कार्यालय खुलेको लगत्तै सो सम्वन्धी काम हुनेछ ।

८. कुनै पनि फर्म । व्यक्ति वा संस्थाको आशय पत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

९.अन्य कुनै थप जानकारी लिन चाहेमा यस कार्यालयको राजश्व शाखावाट कार्यालय समय भित्र वुझ्न सकिने छ ।

१०.यस सुचनामा उल्लेख नभएका विषय प्रचलित कानुन वमोजिम हुनेछ ।

रामलाल श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत